आज मिति २०८३/१/७ गते यस लिम्चुङबुङ गाउँपालिकाको कार्यवाहक अध्यक्ष श्री पुष्पलाल राई ज्यूको अध्यक्षतामा आ.व. ०८२/०८३ को तेह्रौं कार्यपालिका बैठक बसी तपसिलको उपस्थितिमा उल्लेखित प्रस्तावहरुमाथि छलफल गरी आवश्यक निर्णय गरियो ।

उपस्थितिहरुः

| सि.नं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पुष्पलाल राई | कार्यवाहक अध्यक्ष | |
| २ | श्री जनदिप थापा मगर | १ नं वडा अध्यक्ष | |
| ३ | श्री जितेन्द्र राई | २ नं वडा अध्यक्ष | |
| ४ | श्री गुरुमणी कुमाई | ३ नं वडा अध्यक्ष | |
| ५ | श्री छत्र बहादुर राई | ४ नं वडा अध्यक्ष | |
| ६ | श्री कबिचन्द्र राई | ५ नं वडा अध्यक्ष | |
| ७ | श्री अन्जु राई | कार्यपालिका सदस्य | |
| ८ | श्री जमुना कुमारी कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री पृथी रसाईलि | कार्यपालिका सदस्य | |
| १० | श्री दुतमाया मगर | कार्यपालिका सदस्य | |
| ११ | श्री जयराम राई | कार्यपालिका सदस्य | |
| १२ | श्री गणेश राई | कार्यपालिका सदस्य | |
| १३ | श्री सन्देश राई (प्र.प्र.अ.) | सदस्य सचिव | |
| १४ | श्री बिपन राई (कम्प्यूटर अपरेटर) | सचिवालय कर्मचारी | |
| आमन्त्रीतहरु | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (२) को (ज) बमोजिम प्रमाणित गरिएको

प्रस्तावहरु:

१. योजना छनौट सम्बन्धमा ।

२. रकमान्तर सम्बन्धमा ।

३. योजना म्याद थप सम्बन्धमा ।

४. खेलकुद कार्यक्रम सम्बन्धमा ।

५. स्थानीय आर्थिक गणना समन्वय समिति गठन सम्बन्धमा ।

६. अनुमोदन सम्बन्धमा ।

७. बस सञ्चालन कार्यविधि संशोधन सम्बन्धमा ।

८. बस सञ्चालन सम्बन्धमा ।

९. आर्थिक सहयोग सम्बन्धमा ।

१०. पत्र पत्रिकाको भुक्तानी सम्बन्धमा ।

११. प्राविधिक/सामाजिक गणक खटाउने सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरु:

१. सामाजिक विकास मन्त्रालय कोसी प्रदेशको मिति २०८२/१२/२५ गतेको च.नं. ८६५ सहितको पत्रानुसार विद्यालयमा WASH सहतिको शौचालय निर्माण गर्नको लागि रु. ७०००००।०० (अक्षरुपी सात लाख रुपैंया मात्र) प्राप्त भएको र उक्त शौचालय निर्माणको निम्ति श्री आ.वी तमारो रातमाटे १-८ सिरवानी बाराहा विद्यालयलाई छनौट गरी नम्स अनुसारको WASH शौचालय निर्माण गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

२. यस लिम्चुङबुङ गाउँपालिकाको चालु आ.व. ०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसार स्थायी कर्मचारी पारिश्रमिक र पोशाक खर्च शिर्षकमा बजेट अपुग भएको हुँदा करार सेवा शुल्क शिर्षकबाट स्थायी कर्मचारी पारिश्रमिक शिर्षकमा रु. २३०००००।०० (अक्षरुपी तेइस लाख रुपैंया मात्र) र पोशाक शिर्षकमा रु. २५००००।०० (अक्षरुपी दुइ लाख पचास हजार रुपैंया मात्र) रकमान्तर गरिसकिएको हुँदा उक्त रकमान्तरलाई अनुमोदन गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

३. यस लिम्चुङबुङ गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट अनुसार श्री महेन्द्र दीप मा.वि. ताम्लिछा विद्यालयको लागि विद्यालय मैदान र शौचालय निर्माण शिर्षकमा विनियोजित बजेटलाई ठेक्का नं LRM/UDA/SQ/Works/01 सहित आह्वान गरी गाउँपालिका र कार्तिक निर्माण सेवा प्रा.लि. संग मिति २०८२/१०/६ मा सम्झौता भइ मिति २०८२/१२/२७ गते भित्र निर्माण कार्यस सम्पन्न गर्ने भनि सम्झौता भएता पनि विविध कारणले उक्त निर्माण कार्य सम्झौता अवधिभित्र सम्पन्न हुन नसक्ने भएको कारण उक्त ठेक्कालाई मिति २०८३/३/१५ गते सम्म म्याद थप गर्ने साथै वडा नं १ बाँसबोटेमा अन्नपूर्न देविथान अधुरो सिंडि निर्माण योजनाको समेत मिति २०८३/१/३० गते सम्मलाई म्याद थप गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

४. यस लिम्चुङबुङ गाउँपालिकाको चालु आ.व. ०८२/०८३ मा खेलकद विकास कार्यक्रम शिर्षकमा जम्मा रु. ४८००००।०० (अक्षरुपि चार लाख असी हजार रुपैंया) मात्र विनियोजन गरिएको र उक्त रकमबाट गाउँपालिकाको महिला भलिवल खेलाडीहरु सुन्दर हरैंचा नगरपालिकाले आयोजना गरेको खेलकुद कार्यक्रममा सहभागी हुँदा रु. ५००००।०० (अक्षरुपी पचास हजार रुपैंया मात्र) खर्च भएको र बाँकि रकम रु. ४३००००।०० (अक्षरुपी चाल लाख तीस हजार रुपैंया मात्र) रहेको हुँदा उक्त रकमबाट वडास्तरीय भलिवल प्रतियोगिता सञ्चालन गर्न रु. २८००००।०० (अक्षरुपी दुइ लाख असी हजार रुपैंया) र ब्याडमिन्टन प्रतियोगिता तथा कबर्डहल रंगरोगन गर्न रु. १५००००।०० (अक्षरुपी पचास हजार रुपैंया मात्र) कार्यक्रम गाउँपालिकाले नै सञ्चालन गर्ने र उक्त कार्यक्रम सञ्चाल गर्न MIS Operator बिजय कार्कीलाई जिम्मेवारी दिने भनि सर्वसम्मत निर्णय गरियो ।

५. नेपास सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राष्ट्रिय तथ्याङ्क कार्यालय सिंहदरबारको मिति २०८२//११/१९ गतेको च.नं. ९१४ सहित राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनीक तथा आर्थिक मापदण्ड, २०८२ तथा राष्ट्रिय आर्थिक गणना २०८२ को तथ्याङ्क आदेश २०८२ बमोजिम यस गाउँपालिकामा तपसिल बमोजिम स्थानीय आर्थिक गणना समन्वय समितिहरु गठन गर्ने भनि सर्वसम्म निर्णय गरियो ।

तपसिल:

| सि.नं. | नाम, थर | पद |
|---|---|---|
| १ | पुष्पलाल राई (का.वा. अध्यक्ष) | संयोजक |
| २ | स्थानीय तहको उपप्रमुख | सदस्य |
| ३ | रमिला राई (उद्योग वाणिज्य सदस्य) | सदस्य |
| ४ | जित वहादुर तामाङ (उद्योग वाणिज्य सदस्य) | सदस्य |
| ५ | भविन्द्र कुमार राई (उद्योग वाणिज्य सदस्य) | सदस्य |
| ६ | सुरक्षा प्रतनिधि | सदस्य |
| ७ | श्याम बहादुर कार्की (प्र.प्र.अ.ले तोकेको व्यक्ति) | सदस्य सचिव |

६. यस लिम्चुङबुङ गाउँपालिकाको लागि संङ्घीय सरकार शसर्त योजनाको ब.शि.नं. ३७००३१०२ सहित आयुर्वेद सेवा कार्यक्रम अन्तर्गत प्रास बजेटलाई कार्यान्वयन गर्न स्वास्थ्य शाखाको मिर्ति २०८२/१२/१५ गतेको स्वीकृत टिप्पणी आदेशलाई अनुमोदन गर्ने भनि सर्वसम्मत निर्ण गरियो ।

७. यस लिम्चुङबुङ गाउँपालिकाको **लिम्चुङबुङ गाउँपालिकाको बस सञ्चालन कार्यविधि, २०७७** दफा १ को उपदफा ४ मा उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिकाको निर्णय द्वारा सुचना प्रकाशन गरी दोस्रो पक्षलाई बस भाडामा दिएर सम्झौता बमोजिम सञ्चालन गर्न यस कार्यविधि बमोजिम बाधा पर्ने छैन लाई **उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिकाको निर्णय द्वारा सुचना प्रकाशन गरी दोस्रो पक्षलाई पक्ष फर्म/संस्था/सार्वजिनक संस्थालाई मात्र बस भाडामा दिएर सम्झौता बमोजिम सञ्चालन गर्न यस कार्यविधि बमोजिम बाधा पर्ने छैन** भनि तेस्रो संशोधन गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ को उपदफा (२) को (ज) बमोजिम प्रमाणित गरिएको ।

८. यस लिम्चुङबुङ गाउँपालिकाको मातहतमा रहेको लिम्चुङबुङ सार्वजनिक यातायात बस सञ्चालन गर्नको लागि यस भन्दा अगाडी व्यक्तिलाई भाडामा दिने भनि सूचना प्रकाशन गरिको व्यहोरा विदितै रहेको छ तर उक्त सूचना हालको कानून सम्बत् नभएको हुँदा यस अघि आवेदन दिनु हुने सुनिल राईको आवेदनलाई अस्वीकृत गर्ने र यस गाउँपालिकाको बस सञ्चालन कार्यविधि, २०७७ को दफा १ को उपदफा ४ बमोजिम पुन ७ दिने सूचना प्रकाशन गरी फर्म/संस्था/सार्वजनिक संस्थाहरुलाई मात्र भाडामा दिने भनि सर्वसम्मत निर्णय गरियो ।साथै सम्झौताको शर्तहरु तपसिल बमोजिम उल्लेख गरिने ।

तपसिलः

क. यस आर्थिक वर्षको वीमा पहिलो पक्षले गरिदिने, र अर्को आ.व. देखि दोस्रो पक्ष आफैंले वीमा गरि सञ्चालन गर्ने ।

ख. बसको मर्मत संभार, तेल लगायतको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले गर्ने ।

ग. गाडी चलाउने दुरीको रुट परमिट दोस्रो पक्षले लिने ।

घ. धरौटी रकम अग्रीम ६ महिना सम्मको एकमुष्ट जम्मा गर्नु पर्नेछ ।

ङ. मासिक भाडा दर कम्तिमा ३०००० हुनु पर्नेछ ।

च. हरेक महिनाको अन्तिममा कवोल गरिएको बस भाडा बापतको रकम गाउँपालिकाको आन्तरिक खातामा जम्मा गर्ने अन्यथा नगरेमा बस गाउँपालिकाले लिन सक्ने ।

छ. बस सञ्चालन हुनु भन्दा अगाडी राखिएको धरौटी रकम पहिलो पक्ष र दोस्रो पक्ष बीच बस सञ्चालनको सम्झौता रद्ध भएपछि मात्रै फिर्ता हुने ।

ज. बस सञ्चालन सम्झौता हरेक ६ महिनामा नविकरन गर्ने ।

झ. दोस्रो पक्षले पहिलो पक्षलाई बस फिर्ता गर्दा दोस्रो पक्षले मर्मत संभार गरेर मात्रै गर्ने ।

ञ. दोस्रो पक्षले बस सञ्चालन गर्न नसक्ने भनि पालिकामा निवेदन दिएमा गाउँपालिकाको कार्यपालिकाबाट गरिएको निर्णय बमोजिम गरिने ।

ट. बस लापरबाही रुपमा सञ्चालन गरेको भनि कसैले उजुरी पालिकामा दिएमा सञ्चालन गर्ने पक्षलाई सोध बुझ गरी कार्यपालिकाको निर्णय बमोजिम गर्ने ।

ठ. बस चालकले वध्यमाप, धुम्रपान गरेर बस सञ्चालन गर्न नहुने, यदि त्यस्तो भएमा पालिकाले कारवाही गर्न सक्ने ।

ड. बस चालकको सवारी चालक अनुमति पत्र अनिवार्य हुनु पर्ने अन्यथा नभएको व्यक्तिले चलायमा त्यसको जिम्मेवारी स्वयं दोस्रो पक्ष हुनु पर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

को दफा ८४ को उपदफा (२) को (ग) बमोजिम प्रमाणित गरिएको ।

९. यस गाउँपालिका अन्तर्गत रहेको लिम्चुङबुङबासीहरुको २०८२/१२/२ गतेको हावा हुन्दरीमा परी क्षति भएको कारण निजहरुलाई तपसिल बमोजिम विपद कोषबाट आर्थिक सहयोग गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

तपसिल:

| सि.नं | नाम, थर | सहयोग रकम | वडा नं | कैफियत |
|---|---|---|---|---|
| १ | टेक बहादुर मगर | १०००० | ३ | हावा हुरी |
| २ | टिका माया वि.क. | १०००० | ३ | हावा हुरी |
| ३ | रिता परियार | १०००० | ३ | हावा हुरी |
| ४ | वल बहादुर मगर | १०००० | ३ | हावा हुरी |
| ५ | कृतिशा मगर | १०००० | ३ | हावा हुरी |
| ६ | सागर राई | १०००० | १ | हावा हुरी |
| ७ | मिन बहादुर परियार | १०००० | १ | हावा हुरी |
| ८ | अस्मिता राई | १०००० | १ | हावा हुरी |
| ९ | बिपन राई | १०००० | १ | हावा हुरी |
| १० | मोहन राई | १०००० | १ | हावा हुरी |
| ११ | धन बहादुर राई | १०००० | १ | हावा हुरी |
| १२ | राम कुमार राई | १०००० | १ | हावा हुरी |
| १३ | खिण्डराज राई | १०००० | १ | हावा हुरी |
| १४ | ओम बहादुर मगर | १०००० | १ | हावा हुरी |
| १५ | रमेश राना मगर | १०००० | १ | हावा हुरी |
| १६ | झ्याप बहादुर दमाई | १०००० | २ | हावा हुरी |
| १७ | संगिता राई | १०००० | २ | हावा हुरी |
| १८ | गोपाल कामी (आरन) | १०००० | २ | हावा हुरी |
| १९ | धन बहादुर मगर | १०००० | २ | हावा हुरी |
| २० | तुल माया बस्नेत | १०००० | ३ | हावा हुरी |
| २१ | मिनलक्षी राई | १०००० | ४ | उपचार खर्च |
| २२ | हर्कसेर राई | २०००० | २ | घर जलेको |

१०.यस गाउँपालिकाको सूचना तथा पत्र पत्रिकाबाट सूचना प्रकाशन गरे बापत पत्र पत्रिका शिर्षकबाट तपसिलको मिडियाहरुलाई भुक्तानी दिने भनि सर्वसम्मत निर्णय गतियो ।

तपसिल:

| सि.न | संस्था | रकम | कैफियत |
|---|---|---|---|
| १ | हिमपात सन्देश राष्ट्रिय दैनिक | ६००० | ४ नं वडाको सिफारिस बमोजिम |
| २ | दुर्गम एक्स्प्रेस साप्ताहिक | ४००० | |
| ३ | चौदण्डीगढी साप्ताहिक | ४००० | |
| ४ | मुन्धुम मासिक | १४००० | |

| | | | |
|---|---|---|---|
| ५ | त्रियुगा टाइम्स | १०००० | |
| ६ | निग्रानी सञ्चार | २०००० | |
| ७ | बिरासत मिडिया प्रा.लि. | १५००० | |

११. यस लिम्चुङबुङ गाउँपालिकामा संघीय सरकारबाट NWASH कार्यक्रम सञ्चालनको प्राप्त बजेटलाई कार्यान्वयन गर्नको लागि तपसिलको प्राविधिक र सामाजिक गणक कर्मचारीहरुलाई खटाउने साथै निजहरुलाई प्राप्त बजेटबाट नर्म्स, कार्यविधि अनुसार सुविधा उपलब्ध गराउने समेत निर्णय गरियो ।

तपसिलः

| सि.नं | नाम, थर | पद |
|---|---|---|
| १ | दिपक खत्री | प्राविधिक |
| २ | निसन खत्री | प्राविधिक |
| ३ | गौतम दाहाल | सामाजिक गणक |
| ४ | अमिन राई | सामाजिक गणक |

[illegible] राई
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (२) क. (ज) बमोजिम प्रमाणित गरिएको